मष्टा गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: २ संख्या: १ मिति: २०८१/०८/२०

भाग-२

## मष्टा गाउँपालिका

## ढँडार मष्टामाँणु पुनर्निर्माण सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना: मष्टा गाउँपालिकामा अवस्थित धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्व बोकेको ऐतिहासिक सम्पदा ढँडार मष्टामाँणुको परम्परागत मौलिक स्वरुप र बनावटमा भिन्नता नआउने गरी पुनर्निमाण गरी उक्त स्थलको संरक्षण एवं सम्वर्द्धनका लागि मष्टा गाउँपालिकाको १० औं गाउँसभाबाट पारित आ. व. २०८१।०८२ को बार्षिक नीति तथा कार्यक्रमको बुंदा नं. ६७ को कार्यान्वयका लागि समिति गठन, आर्थिक स्रोतको व्यवस्थापन तथा परिचालन गर्ने सम्बन्धमा कार्यविधिगत स्पष्टता कायम गर्न वाञ्छनीय भएकाले,

मष्टा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरिएको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " ढँडार मष्टामाँणु पुनर्निर्माण सम्बन्धी कार्यविधि २०८० रहेको छ।

(२) यो कार्यविधि मष्टा गाउँपालिकाको कार्यपालिकाले पारित गरेको मितिबाट लागु हुनेछ ।

२. परिभाषा: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आलिपाली" भन्नाले मष्टा देवताप्रति आस्थावान सम्पूर्ण व्यक्ति तथा समुदायलाई जनाउँछ।

(ख) "करिया" भन्नाले ढँडार मष्टा देवतालाई कुलदेवता मानी पूजा गर्ने केरवाला, धामी, पुजारी, पुजारो, रजबार, गाउँ-गाउँका नायक, बाजा बजाउने लगायतका व्यक्ति तथा समुदायलाई जनाउँछ।

(ग) "गाउँपालिका" भन्नाले मष्टा गाउँपालिकालाई जनाउँछ ।

(घ) "पुर्नर्निर्माण" भन्नाले मष्टामाँणु, घेरवार, खोलादेली, बगैचा, खुट्किला, पाटिसगणो, पाटाखानी (आँगन) समेतको निर्माणलाई जनाउँछ ।

(ङ) "माँणु" भन्नाले ढँडार मष्टामाँणु र त्यसको वरिपरिको स्थान समेतलाई जनाउँछ ।

(च) "मूल समिति" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम गठित समितिलाई जनाउँछ ।

३. उद्देश्य: यस कार्यविधिको उद्देश्यहरु निम्नानुसार रहेको छन्।

(क) माँणु क्षेत्रको पुनर्निर्माणका लागि करिया, आलिपाली, आस्थावान व्यक्ति र समुदाय, सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट संकलित सहयोगको व्यवस्थापन गर्ने।

(ख) माँणु क्षेत्रलाई संरक्षण, सम्वर्धन गर्दै धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको रुपमा विकास गरी धार्मिक पर्यटनको प्रवर्द्धन गर्ने।

## परिच्छेद - २

## मूल समिति र अन्य समिति सम्बन्धी व्यवस्था

४. मूल समिति गठन गर्नेः (१) यस कार्यविधि अन्तर्गत मष्टा गाउँपालिकामा अवस्थित माँणुको संरक्षण, सम्वर्दन र पुननिर्माणका लागि देहाय बमोजिम गाउँपालिका अध्यक्ष संरक्षक रहने गरी ११ सदस्यीय एक पुननिर्माण मूल समिति रहनेछ;

(क) संरक्षक: मष्टा गाउँपालिका अध्यक्ष
(ख) अध्यक्ष: खण्ड (च) (छ) (ज) र (झ) मध्येबाट सर्वसम्मत वा निर्वाचित व्यक्ति -१जना
(ग) उपाध्यक्ष: खण्ड (च) (छ) (ज) र (झ) मध्येबाट सर्वसम्मत वा निर्वाचित व्यक्ति - १जना
(घ) सचिव: खण्ड (च) (छ) (ज) र (झ) मध्येबाट सर्वसम्मत वा निर्वाचित व्यक्ति -१ जना
(ङ) कोषाध्यक्ष: खण्ड (च) (छ) (ज) र (झ) मध्येबाट सर्वसम्मत वा निर्वाचित व्यक्ति-१जना
(च) सदस्य: करिया तथा आलिपाली भित्रका समुदायले छानेको व्यक्ति कम्तिमा २ जना महिला र १ जना दलित सहित बढिमा ७ जना
(छ) सदस्य: माँणुका धामी, पुजारी र पुजारो मध्ये -१ जना
(ज) सदस्य: स्थानीय पत्रकार सदस्य -१ जना ।
(झ) सदस्य: मष्टा गाउँपालिका वडा नं ३ र ४ का वडा अध्यक्ष-२ जना

(२) उपदफा (१) को खण्ड (क) (ख) (ग) (घ) र (ङ) बमोजिमको जिम्मेवारी प्राप्त गरेका व्यक्तिहरु समितिको सदस्यको रुपमा रहनेछन् ।

५. मूल समितिका काम, कर्तव्य र अधिकार: मूल समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्:

(क) माँणु पुनर्निर्माणका लागि निर्मित विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बमोजिमको निर्माण कार्यका लागि सहयोगी निकायको पहिचान तथा आवश्यक समन्वय र सहकार्य, आर्थिक स्रोतको संकलन, कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने गराउने,
(ख) पूनःनिर्माणका हरेक गतिविधिको रेखदेख, सल्लाह र निर्देशन प्रदान गर्ने,
(ग) माँणुका आलिपालीहरुमा रहेका रजवार, मुखिया, वुड्याउडी, धामी, पूजारीहरुसँग आवश्यक समन्वय र परामर्श गरी पूननिर्माण कार्यलाई अघि बढाउने,
(घ) पुनर्निर्माण कार्यलाई पारदर्शी, मितव्ययी, गुणस्तरणीय बनाउन अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्य गर्ने,
(ङ) माँडुका लागि आवश्यक जनश्रमदान जुटाउने र सो सम्वन्धी अभिलेख तयार गरी गाउँपालिकालाई उपलव्ध गराउने,

CamScanner

(च) पुनर्निर्माण कार्यका लागि निर्माण उपसमिति गठन गरी परिचालन गर्ने र

(छ) यस कार्यविधिको दफा १२ बमोजिम स्थापित कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने र कोषको खर्च सम्वन्धी खर्च सम्वन्धी प्रस्ताव तयार गरी गाउँपालिकाबाट स्वीकृति लिने ।

६. सल्लाहकार समिति गठन गर्न सक्ने: माँणु पुनर्निर्माणका सम्वन्धमा सुझाव, सल्लाह लिन विभिन्न क्षेत्रका ख्याति प्राप्त अनुभवी, प्रतिष्ठित, बुद्धिजीवि, समाजसेवी, धार्मिक व्यक्तिहरु सम्मिलित बढीमा कम्तिमा ७ जना र बढीमा १५ जना रहने गरी सल्लाहकार समिति गठन गर्न सकिनेछ ।

७. सल्लाहकार समितिका काम कर्तव्य र अधिकार: सल्लाहकार समितिको काम कर्तव्य अधिकार देहायबमोजिम हुनेछन;

(क) माँणु पुननिर्माण कार्यलाई प्रभावकारी कार्यान्वयनका लागि विभिन्न निर्माण कार्यमा संलग्न विभिन्न सिमितिलाई सुझाव सल्लाह दिने।

(ख) पुनर्निर्माणका समयमा कुनै विवाद भएमा त्यसको समाधानका लागि आवश्यक पहल गर्ने।

(ग) पुनर्निर्माणमा सहयोग गर्ने व्यक्ति, समुह, नीजि तथा सहकारी संघ संस्थाहरुसँग समन्वय गरी स्रोत जुटाउन पहल गर्ने।

(घ) उपसमिति गठन गर्दा छलफलमा उपस्थित भई प्रभावकारी निर्णय गर्न सघाउने।

८. निर्माण समिति गठन गर्नु पर्ने: (१) मूल समितिले पुनर्निर्माण सम्वन्धी कार्य गर्न समितिको मातहतमा रहने गरी निर्माण समिति गठन गर्नु पर्नेछ ।

(२) निर्माण समितिका अन्य कार्य मूल समितिले तोके बमोजिम हुनेछन् ।

९. निर्माण उपभोक्ता समिति गठन गर्न सक्ने: (१) संघ तथा प्रदेश सरकार, कुनै विकास साझेदारमार्फत सञ्चालन गरिने निर्माण योजना कार्यान्वन गर्दा मूल समितिसँग सम्झौता गरी उक्त समिति मार्फत वा छुट्टै निर्माण उपभोक्ता समिति गठन गरी सो मार्फत गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टै निर्माण समिति गठन गर्दा मूल समिति र गाउँपालिकाको परामर्शमा गर्नु पर्नेछ ।

(३) निर्माण सँग सम्वन्धित खरिद प्रकृया प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

CamScanner

१०. <u>अन्य उपसमितिहरु गठन गर्न सक्ने:</u> (१) मूल समितिले पुनर्निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन थप समितिहरु गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिका कार्यहरु मूल समितिले तोके बमोजिम हुनेछन् ।

## परिच्छेद - ३

## <u>अनुमति र निर्माण सम्बन्धी मापदण्ड सम्बन्धी व्यवस्था</u>

११. <u>निर्माण अनुमति लिनु पर्ने:</u> (१) मष्टामाँणुमा कुनै पनि निकायले संरचनाको निर्माण गर्दा मूल समिति मार्फत गाउँपालिकाको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिंदा बिस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तथा डिजाईन प्रतिकुल हुने गरी निर्माण अनुमति प्रदान गरिने छैन।

(३) माथि जेसुकै लेखिएता पनि मूल समितिले पुनर्निर्माणको कार्य गर्दा अनुमति लिनु पर्नेछैन

तर, निर्माण कार्य बिस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तथा डिजाईन हुनु पर्नेछ।

## परिच्छेद ४

## <u>कोषको स्थापना र परिचालन सम्बन्धी व्यवस्था</u>

१२. <u>कोषको स्थापना:</u> (१) मष्टामाँणु पुनर्निर्माणका लागि मूल समितिको नाममा एक पुनर्निर्माण कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:

(क) गाउँपालिकावाट प्राप्त रकम,

(ख) संघ तथा प्रदेश सरकारवाट प्राप्त रकम,

(ग) विभिन्न विकास साझेदारवाट प्राप्त रकम र

(घ) विभिन्न संघ संस्था र व्यक्तिहरुवाट प्राप्त हुने चन्दा, दान तथा दान दातव्य रकम ।

१३. <u>कोषको सञ्चालन तथा व्यवस्थापन:</u> (१) कोषको सञ्चालन तथा व्यवस्थापन यसै कार्यविधिको दफा ४ बमोजिमको मूल समितिले गर्नेछ ।

CamScanner

(२) कोषको खाता मूल समितिका संयोजक, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट चल्ने गरी पाइक पर्ने बैंकमा सञ्चालन गरिनेछ ।

(३) कोषको रकम खर्च गर्नु परेमा मूल समितिले खर्च सम्बन्धी प्रस्ताव तयार गरी गाउँ कार्यपालिकाबाट स्वीकृति लिनु पर्नेछ। यसरी खर्च सम्बन्धी प्रस्ताव तयार गर्दा विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा उल्लेखित संरचनाहरु निर्माण मात्र खर्च गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम स्वीकृति प्राप्त भएपश्चात मूल समितिले स्वीकृत खर्च प्रस्ताव बमोजिम आफै वा निर्माण समिति वा अनुमति प्राप्त निकाय मार्फत खर्च गर्न सक्नेछ ।

१४. आर्थिक हिसाव राखे: (१) माँणु पुनर्निर्माण कार्यको स्रेस्ता नेपालको प्रचलित लेखाप्रणाली बमोजिम हुनेछ ।

(२) लेखा स्रेस्ता चुस्त, दुरुस्त र पारदर्शी रुपममा राखु मूल समितिको जिम्मेवारी हुनेछ ।

(३) कोषमा जम्मा हुने रकमको खर्च गर्दा पारदर्शिता, नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको पालना गर्नुपर्नेछ ।

(४) कोषको रकम आम्दानी खर्चको हिसाव त्रैमासिक रुपमा आमभेलामा सार्वजनिक गर्नुपर्नेछ ।

(५) सरोकारवालाले हेर्न चाहेमा तत्काल हेर्न सकिने गरी हिसाव किताब दुरुस्त हुनु पर्नेछ ।

(६) हरेक महिनाको आम्दानी र खर्चको विवरण गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(७) समितिको हिसाव सहजीकरणका लागि गाउँपालिकाले लेखा हेर्ने कर्मचारीलाई आवश्यकता अनुसार परिचालन गर्नेछ।

१५. आर्थिक कारोवारको लेखा परीक्षण: (१) मष्टामाँणु पुनर्निमाण कार्यको आर्थिक कारोबारको अन्तिम लेखापरिक्षण नेपाल सरकारबाट मान्यताप्राप्त स्वतन्त्र लेखा परीक्षकबाट गरिनेछ ।

(२) आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र अन्तिम लेखापरिक्षण गराई सक्नु पर्नेछ ।

(३) लेखापरिक्षण गराउने सम्पुर्ण दायित्व मूल समितिको हुनेछ ।

(४) अन्तिम लेखापरिक्षणको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

CamScanner

१६. स्रोत संकलन: (१) माँणु पुनर्निर्माण कार्यका लागि मूल समितिले आर्थिक सहयोगका लागि आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सहयोगको संकलनका लागि मूल समितिले कार्यविवरण तोकी अवैतनिक रुपमा स्रोत संकलन दुतहरु नियुक्त गरी परिचालन गर्न सक्नेछ।

१७. चन्दादाताको अभिलेख: (१) माँणु पुनर्निर्माणमा सहयोग गर्ने चन्दादाताहरुको तिनपुस्ते र प्राप्त आर्थिक सहयोगको विवरण मूल समितिले अभिलेख गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभिलेखलाई माँणु पुनर्निर्माण स्मारिका प्रकाशन गरी सार्वजनिक गरिने छ र माँणु नजिकै स्मारिका पार्क निर्माण गरी देहाय बमोजिम सार्वजनिक गर्नु पर्नेछ।

| सार्वजनिक गरिने बिधि | प्राप्त सहयोग रकमको सीमा |
|---|---|
| (क) ताम्रापत्रमा तिनपुस्ते विवरण सहित सम्मान पत्र | रु १००००० देखि माथी |
| (ख) सिलालेखमा नाम सहित सम्मानपत्र | रु २५००० देखि १००००० सम्म |
| (ग) स्मारिका (प्रकाशन) मा नाम सहित सम्मान पत्र | रु २५०० देखि २५००० सम्म |

आज्ञाले

रमेश कुमार खड्का

नि.प्रमुख प्रशासकीय अधिकृत

स्विकृत मिति : २०८१/०८/२०

CamScanner